# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

## खण्ड (३) चितवन, कार्तिक १४, २०७६ साल अंक ७

## भाग २

खैरहनी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ को नियमावली नं. ७

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

खैरहनी नगरपालिका शिक्षा नियमावली, २०७५ मा संशोधनका लागि सुझाव पेस गर्न नगर शिक्षा समितिबाट गठित कार्यदलबाट पेस भई विधायन समितिबाट स्वीकृत संशोधन प्रस्तावहरु

| क सं | संसोधन गर्नुपर्ने नियम | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | नियम २को उपनियम(१) देहाय(च) | "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्दछ। | "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको "शिक्षा अधिकृत" वा नगरपालिकाको शिक्षा शाखामा काम गर्न तोकिएको शिक्षा सेवाको छैटौं, सातौं र आठौं तहको अधिकृतलाई सम्झनु पर्दछ। | |
| २ | नियम २को उपनियम(१) देहाय(ज) | "परीक्षा समिति" भन्नाले नियम ३३ बमोजिम गठन हुने परीक्षा सञ्चालन तथा समन्वय समितिलाई सम्झनु पर्छ। | "परीक्षा समिति" भन्नाले नियम ३४ बमोजिम गठन हुने आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिलाई सम्झनु पर्छ। | |
| ३ | नियम २ को उपनियम(१) देहाय(ड) | "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले... नियम ३७ बमोजिम... बाल शिक्षा केन्द्र... मन्टेसरी आदि सम्झनु पर्दछ। | "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले... नियम ३८ बमोजिम... बाल विकास केन्द्र... मन्टेस्वरी आदि सम्झनु पर्दछ। | |
| ४ | नियम २ को उपनियम(१) देहाय(थ) | "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा/शाखा वा ईकाईलाई सम्झनुपर्दछ। | "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनुपर्दछ। | |
| ५ | नियम २को उपनियम(१) देहाय(ब) | "समुदायद्वारा सञ्चालित विद्यालय" भन्नाले नियम ५ बमोजिम स्वीकृति प्राप्त गरी स्थानीय तह वा व्यवस्थापन समितिले जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्द। | "सामुदायिक विद्यालय" भन्नाले नियम ५ बमोजिम सामुदायिक विद्यालयका रुपमा सञ्चालन अनुमति प्राप्त विद्यालय सम्झनु पर्द। | |
| ६ | नियम २को उपनियम(१) देहाय(भ) | "समुदायिक शिक्षक" भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकारबाट स्वीकृत वा अनुमति प्राप्त दरबन्दी अन्तर्गत व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षक सम्झनु पर्दछ। | "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ। | |
| ७ | नियम ५को उपनियम (३) | उपनियम (२) अनुसार कार्यपालिकाको निर्णयबमोजिम प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ३ बमोजिमको ढाँचामा अनुमति दिनेछ। | उपनियम (२) अनुसार कार्यपालिकाको निर्णयबमोजिम स्थानीय शिक्षा अधिकारीले अनुसूची ३ बमोजिमको ढाँचामा अनुमति दिनेछ। | |
| ८ | नियम ६ को उपनियम (१) को देहाय (ण) | मन्त्रालय वा ...शुरु भएको १५ दिनभित्र...। | मन्त्रालय वा ...शुरु भएको ४५ दिनभित्र...। | |
| ९ | नियम ७ | विद्यालय खोल्न स्वीकृति प्रदान गर्ने | सामुदायिक विद्यालयलाई स्वीकृति प्रदान गर्ने | |
| १० | नियम ७ को उपनियम (३) | उपनियम (२) बमोजिम... प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले नियम ६ बमोजिम....। | उपनियम (२) बमोजिम... प्राप्त भएमा स्थानीय शिक्षा अधिकारीले नियम ६ बमोजिम....। | |
| ११ | नियम ८ | मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृतिसम्बन्धी व्यवस्था | मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमतिसम्बन्धी व्यवस्था | |
| १२ | नियम १६ को उपनियम (१) को देहाय (ख) | अधिकांश कक्षामा तोकिएभन्दा दश प्रतिशतभन्दा कम विद्यार्थी संख्या भएको | अधिकांश कक्षामा तोकिएको सङ्ख्याको पचास प्रतिशतभन्दा कम विद्यार्थी भएमा | |

| क्र सं | संसोधन गर्नुपर्ने नियम | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| १३ | नियम २१ | नियम २१, २२ र २३ पछि उपनियम (१) नलेखिएको | नियम २१, २२ र २३ पछि उपनियम (१) थप्ने | |
| १४ | नियम २१ को उपनियम (१) को (ङ) | (ङ) नियुक्ति वा बढुवाका लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्त गर्ने | (ङ) हटाउने | |
| १५ | नियम २२ को उपनियम (१) देहाय (झ) | नियुक्ति वा बढुवाका लागि आयोगबाट सिफारिस भइआएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्तिका लागि सिफारिस गर्ने | नियुक्ति वा बढुवाका लागि आयोगबाट सिफारिस भइआएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने | |
| १६ | नियम २२ को उपनियम (१) देहाय (द) | मन्त्रालयले तोकिदिएबमोजिम सामुदायिक तथा संस्थागत विद्यालयको समूह विभाजन गरी स्रोतकेन्द्र निर्धारण गर्ने र ... अन्य शैक्षिक क्रियाकलाप गर्ने | मन्त्रालयले तोकिदिएबमोजिम सामुदायिक तथा संस्थागत विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने | |
| १७ | नियम २२ को उपनियम (१) देहाय (क्ष) | कार्यसम्पादनका आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार तथा दण्डका लागि कार्यपालिका समक्ष पेस गर्ने | प्रत्येक शैक्षिकसत्रमा सामुदायिक विद्यालयका प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी कार्यसम्पादनका आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार तथा दण्डका लागि नगर शिक्षा समितिसमक्ष पेस गर्ने | |
| १८ | नियम २३ | निरीक्षकको काम, कर्तव्य र अधिकार | शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार | |
| १९ | नियम २३ को उपनियम (१) देहाय(च) | शिक्षक तथा विद्यालय कर्मचारीको...अभिलेख शिक्षा शाखामा उपलब्ध गराउने | शिक्षक तथा विद्यालय कर्मचारीको...अभिलेख राख्ने | |
| २० | नियम २३ को उपनियम (१) देहाय(ञ) | आफ्नो क्षेत्रभित्रका शैक्षिक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी शिक्षा शाखामा पठाउने | नगरपालिका क्षेत्रभित्रको शैक्षिक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी स्थानीय शिक्षा अधिकारी समक्ष पेस गर्ने | |
| २१ | नियम २३ को उपनियम (१) देहाय(ढ) | स्रोत व्यक्तिको कामको अनुगमन गरी प्रत्येक महिना शिक्षा शाखामा प्रतिवेदन पेस गर्ने | स्रोत शिक्षकको कामको अनुगमन गरी प्रत्येक महिना स्थानीय शिक्षा अधिकारीसमक्ष प्रतिवेदन पेस गर्ने | |
| २२ | नियम २३ को उपनियम (१) देहाय(थ) | आफ्नो क्षेत्रभित्र . . .नियमित रुपमा निरीक्षण तथा अनुगमन गरी स्थानीय शिक्षा समितिमा प्रतिवेदन पेस गर्ने | नगरपालिका क्षेत्रभित्र . . .नियमित रुपमा निरीक्षण तथा अनुगमन गरी नगर शिक्षा समितिमा प्रतिवेदन पेस गर्ने | |
| २३ | नियम २३ को उपनियम (१) देहाय (प) | नगरपालिकाले शिक्षासम्बन्धी प्रत्यायोजित कार्य गर्ने | नगरपालिकाद्वारा प्रत्यायोजित शिक्षासम्बन्धी अन्य कार्य गर्ने | |
| २४ | नियम २४ को उपनियम (१) देहाय (ट) | विद्यालय बन्द गर्न सिफारिस गर्ने | नगरक्षेत्रभित्र आवश्यकता र औचित्यका आधारमा विद्यालयको नक्शाङ्कन गरी विद्यालय स्थापना गर्न, गाभ्न वा बन्द गर्न नगरकार्यपालिकामा सिफारिस गर्ने | |
| २५ | नियम २७ को उपनियम (२) | उपनियम (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नका लागि सम्बन्धित निरीक्षक वा निज उपलब्ध नभएमा स्थानीय शिक्षा अधिकारीले खटाएको अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक, स्रोतव्यक्ति र स्थानीय तहको प्रतिनिधि रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ। | उपनियम (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नका लागि नगरपालिकाको शिक्षा अधिकृत वा निज उपलब्ध नभएमा स्थानीय शिक्षा अधिकारीले खटाएको अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक, स्रोत शिक्षक र वडा समितिको प्रतिनिधि रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन गर्नुपर्नेछ। | |

| क्र सं | संसोधन गर्नुपर्ने नियम | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| २६ | नियम ३३ | प्राथमिक सिकाइ उपलब्धि परीक्षणसम्बन्धी व्यवस्था | सिकाइ उपलब्धि परीक्षणसम्बन्धी व्यवस्था | |
| २७ | नियम ३३ को उपनियम (१) | आधारभूत तहको कक्षा ३ र कक्षा ५ का विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षण गर्नका लागि स्रोतकेन्द्रमा देहायबमोजिमको एक सिकाइ उपलब्धि परीक्षण समिति रहनेछ।<br>(क) स्थानीय शिक्षा अधिकारी- अध्यक्ष<br>(ख) स्रोतकेन्द्र अन्तर्गतका विद्यालयका प्रधानाध्यापकहरुमध्ये संस्थागत विद्यालयको प्रतिनिधित्व हुनेगरी प्रधानाध्यापक बैठकबाट मनोनित सदस्यहरु तीन जना- सदस्य<br>(ग) स्रोतकेन्द्र रहेको विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव | नगरपालिकाभित्रका विद्यालयको आधारभूत तहको कक्षा ३ र कक्षा ५ का विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षण गर्नका लागि देहायबमोजिमको एक सिकाइ उपलब्धि परीक्षण समिति रहनेछ।<br>(क) स्थानीय शिक्षा अधिकारी- अध्यक्ष<br>(ख) नगरपालिका अन्तर्गतका विद्यालयका प्रधानाध्यापकहरुमध्ये संस्थागत विद्यालयको समेत प्रतिनिधित्व हुने गरी कम्तिमा एक महिलासहित शिक्षा समितिबाट मनोनित सदस्यहरु तीन जना- सदस्य<br>(ग) नगरपालिकाको शिक्षा अधिकृत वा स्थानीय शिक्षा अधिकारीले तोकेको अधिकृत वा स्रोत शिक्षक -सदस्य-सचिव | |
| २८ | नियम ३४ को उपनियम (२) | ...आधारभूत शिक्षा उत्तीर्ण समिति रहनेछः<br>(क) प्रमुख प्रशासकीय अधिकृतः संयोजक<br>(ख) सामुदायिक र संस्थागत ...समन्वय समितिले मनोनित गरेको तीन जना प्रधानाध्यापक- सदस्य<br>(ग) स्थानीय शिक्षा अधिकारीः सदस्यसचिव | ..आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति रहनेछः<br>(क) स्थानीय शिक्षा अधिकारी - अध्यक्ष<br>(ख) सामुदायिक र संस्थागत विद्यालय (कक्षा ८ सञ्चालित आधारभूत विद्यालयसमेत)को प्रतिनिधित्व हुने गरी ...समन्वय समितिले मनोनित गरेको तीन जना प्रधानाध्यापक- सदस्य<br>(ग) शिक्षा अधिकृत वा नगर प्रमुखले तोकेको अधिकृत - सदस्यसचिव | |
| २९ | नियम ३७ को उपनियम (१) | नगरसभाले वार्षिक रुपमा शिक्षाको गुणस्तर मापन गरी सुधारका लागि कार्यपालिकालाई निर्देशन दिन सक्नेछ। शिक्षा मन्त्रालयले बनाएको गुणस्तर खाका र पाठ्यक्रम विकास केन्द्रले उपलब्ध गराएको पाठ्यक्रम प्रारुपलाई मूल आधार मान्नुपर्नेछ। | नगरसभाले वार्षिक रुपमा नगरपालिकाभित्रका विद्यालयको शिक्षाको गुणस्तर परीक्षण गरी सुधारका लागि आवश्यक कार्य गर्न कार्यपालिकालाई निर्देशन दिन सक्नेछ। गुणस्तर परीक्षण गर्दा संघ तथा प्रदेशका सम्बन्धित मन्त्रालय र पाठ्यक्रम विकास केन्द्रले उपलब्ध गराएको खाका तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई आधार मान्नुपर्नेछ। | |
| ३० | नियम ३७ को उपनियम (२) | <u>नगरसभाले आफूमध्येबाट एक जना सदस्यलाई</u> शिक्षाको गुणस्तर मापन गर्न लगाई सोको प्रतिवेदन वार्षिक रुपमा सभा समक्ष पेस गर्न तोक्नेछ। | कम्तिमा दुई वर्षको एक पटक नगरपालिकाको समग्र शिक्षाको गुणस्तर परीक्षण गर्न <u>नगर शिक्षा समितिले तीन सदस्यीय विज्ञ समूह गठन गर्नेछ।</u> | |
| ३१ | नियम ३७ को उपनियम (३) | उपनियम (२) बमोजिम तोकिएको सदस्यले <u>प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी</u> गुणस्तर मापन र प्रतिवेदन तयार गर्नेछ। | उपनियम (२) बमोजिम नियुक्त शिक्षाविद् वा विज्ञ समूहले <u>स्थानीय शिक्षा अधिकारी र प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी</u> गुणस्तर परीक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ। नगर शिक्षा समितिले <u>विज्ञसमूहबाट प्राप्त</u> प्रतिवेदन समीक्षा गरी कार्यान्वयनका लागि सुझावसहित नगरकार्यपालिकासमक्ष पेस गर्नेछ। | |

| क्र सं | संसोधन गर्नुपर्ने नियम | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| ३२ | नियम ३७ को उपनियम (४) | गुणस्तर मापन र प्रतिवेदन तयारीको विधि र ढाँचा उपनियम (२) बमोजिम तोकिएको समिति आफैँले निर्धारण गरेबमोजिम हुनेछ। | गुणस्तर मापन र प्रतिवेदन तयारीको विधि र ढाँचा उपनियम (२) बमोजिम नियुक्त विज्ञसमूह आफैँले निर्धारण गरेबमोजिम हुनेछ। | |
| ३३ | नियम ३८ को उपनियम (२) | उपनियम (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न नगरकार्यपालिकाले तोकेको मापदण्ड तथा प्रक्रियाबमोजिम अनुमति दिन मनासिब देखिएमा आवश्यक शर्त तोकी अनुसूची १० बमोजिमको ढाँचामा अनुमति दिन वडा सचिवले वडा समितिसमक्ष पेस गर्ने | उपनियम (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा नगरकार्यपालिकाले तोकेको मापदण्ड तथा प्रक्रियाबमोजिम अनुमति दिन मनासिब देखिएमा नगरपालिकामा सिफारिस सहित पठाउनेछ। | |
| ३४ | नियम ३८ को उपनियम (३) | उपनियम (२) बमोजिम पेस हुन आएमा वडा समितिको निर्णयमा वडासचिवले अनुमति दिनेछ। | उपनियम (२) बमोजिम वडाबाट सिफारिस भई आएमा शिक्षा शाखाले रायसहित शिक्षा समितिमा पेस गर्नेछ। शिक्षा समितिबाट अनुमति प्रदान गर्ने निर्णय भएका बाल विकास केन्द्र, नर्सरी, किन्डर गार्टेन र मन्टेस्वरीलाई स्थानीय शिक्षा अधिकारीले अनुसूची १० बमोजिमको ढाँचामा अनुमति प्रदान गर्नेछ। | |
| ३५ | नियम ३८ को उपनियम (४) | कुनै संस्थाले उपनियम (२) बमोजिम तोकिएको शर्त अनुरुप प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन नगरेमा वडाध्यक्षले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ। | कुनै संस्थाले तोकिएको शर्त अनुरुप प्रारम्भिक बाल विकास केन्द्र, नर्सरी, किन्डर गार्टेन र मन्टेस्वरी सञ्चालन नगरेमा शिक्षा समितिले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ। | |
| ३६ | नियम ४० को उपनियम (२) थप | थप | सामुदायिक विद्यालय र समुदायमा सञ्चालित प्रारम्भिक बाल विकास केन्द्र तथा संस्थागत विद्यालयमा तथा निजी क्षेत्रबाट सञ्चालित नर्सरी, किन्डर गार्टेन र मन्टेस्वरीमा नगरपालिकाले निर्धारण गरेको शुल्क सीमाभित्र रही शुल्क लिनुपर्नेछ। | |
| ३७ | नियम ४९ को उपनियम (२) | ... बढीमा ४५ दिन... | ... बढीमा ५० दिन... | |
| ३८ | नियम ४९ को उपनियम (३) | व्यवस्थापन समितिले...विदा गर्न सक्नेछ। | विद्यालयहरुले नेपाल सरकारले शैक्षिक संस्थाका लागि निर्धारण गरेबमोजिम दशैं विदा तथा अन्य चाडपर्व विदा पाउनेछन्। | |
| ३९ | नियम ५० को उपनियम (२) | आधारभूत तहको कक्षा ... कार्यपालिकाको निर्णयबमोजिम पाँच वर्षको लागि प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ। | आधारभूत तहको ... बमोजिम शिक्षक बन्ने योग्यता भएका शिक्षकमध्येबाट नगरकार्यपालिकाले स्वीकृत गरेको कार्यविधिका आधारमा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई कार्यपालिकाको निर्णयबमोजिम पाँच वर्षको लागि स्थानीय शिक्षा अधिकारीले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ। | |
| ४० | नियम ५० को उपनियम (३) | उपनियम (२) बमोजिम...सोही आधारमा प्रमुख प्रशासकीय अधिकृतसँग पञ्चवर्षीय कार्यसम्पादन करार सम्झौता गर्नु पर्नेछ। | उपनियम (२) बमोजिम...सोही आधारमा स्थानीय शिक्षा अधिकारीसँग पञ्चवर्षीय कार्यसम्पादन करार सम्झौता गर्नु पर्नेछ। | |

| क्र सं | संसोधन गर्नुपर्ने नियम | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| | नियम ५० को उपनियम (५) | स्थानीय शिक्षा समिति | नगर शिक्षा समिति | |
| ४१ | नियम ५१ उपनियम (१) देहाय (ठ) | ...स्थानीय शिक्षा अधिकृत तथा निरीक्षक... | ...स्थानीय शिक्षा अधिकारी तथा शिक्षा अधिकृत... | |
| ४२ | नियम ५१ उपनियम (१) देहाय (ण) | गाउँ र नगर कार्यपालिका... | ...नगरकार्यपालिका... | |
| ४३ | नियम ५१ उपनियम (१) देहाय (म) | कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशतभन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरबाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्ने | कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म D+ GPA ल्याउने विद्यार्थीको सङ्ख्या पन्ध्र प्रतिशत नकटेमा वा कुनै शिक्षकले लापरबाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्ने | |
| ४४ | नियम ५१ उपनियम (१) देहाय (ज्ञ) (२) | प्रचलित मापदण्ड...प्रधानाध्यापकले प्रमुख प्रशासकीय अधिकृतसँग कार्यसम्पादन करार गरेबमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षा प्रत्याभूत गर्नुपर्ने। | प्रचलित मापदण्ड...प्रधानाध्यापकले स्थानीय शिक्षा अधिकारीसँग कार्यसम्पादन करार गरेबमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षा प्रत्याभूत गर्नुपर्ने। | |
| ४५ | नियम ५१ उपनियम (१) देहाय (प) र (श) | स्थानीय शिक्षा शाखा | शिक्षा शाखा | |
| ४६ | नियम ५२क थप | नयाँ थप | सामुदायिक विद्यालयको शिक्षकको नियुक्तिः (१) शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तिका लागि सिफारिस भई आएका शिक्षकलाई स्थानीय शिक्षा अधिकारीले विषय मिल्दो रिक्त दरबन्दीमा सिफारिस प्राप्त भएको मितिले तीस दिनभित्र नियुक्त गर्नेछ।<br>(२) उपनियम (१) बमोजिम शिक्षक नियुक्ति गर्दा एक वर्षको परीक्षणकाल रहने गरी नियुक्त गर्नु पर्नेछ। तर अपाङ्गता भएका र महिला शिक्षकको हकमा परीक्षणकाल छ महिना मात्र हुनेछ।<br>(३) सामुदायिक विद्यालयका शिक्षकको सेवाका शर्त संघीय शिक्षा ऐन तथा नियमावली, प्रदेश शिक्षा ऐन तथा नियमावली र नगरपालिकाको शिक्षा ऐन तथा नियमावलीमा तोकिएबमोजिम हुनेछ। | |
| ४७ | नियम ५५ उपनियम (१) देहाय (ख) | शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उमेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र निवेदनसाथ पेस गर्नुपर्नेछ। | करार शिक्षकमा नियुक्त हुन निवेदन दिने उमेदवारले आफ्नो शैक्षिक योग्यता, अध्यापन अनुमतिपत्र र नेपाली नागरिकताको प्रमाणपत्र निवेदनसाथ पेस गर्नुपर्नेछ। | |
| ४८ | नियम ५७ उपनियम (१) | नगरपालिका क्षेत्रभित्र...मिल्ने दरबन्दीभित्र प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ। | नगरपालिका क्षेत्रभित्र...मिल्ने दरबन्दीभित्र स्थानीय शिक्षा अधिकारीले सरुवा गर्न सक्नेछ। | |

| क्र सं | संसोधन गर्नुपर्ने नियम | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| ४९ | नियम ५७ उपनियम (४) | एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा सामान्यतया तीन वर्ष सेवा पूरा नगरी सरुवा गरिनेछैन। | एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा सामान्यतया तीन वर्ष सेवा पूरा नगरी सरुवा गरिनेछैन। तर सरुवा प्रयोजनका लागि सेवा अवधि गणना गर्दा अस्थायी वा करार शिक्षकमा नियुक्त भई सोही विद्यालयमा स्थायी नियुक्ति पाई अविच्छिन्न रुपमा गरेको सेवा अवधिलाई समेत गणना गरिनेछ। | |
| ५० | नियम ५७ उपनियम (९) | स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिनेछैन। | परीक्षणकाल पूरा नभएको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिनेछैन। शिक्षकको परीक्षणकाल एक वर्षको हुनेछ। तर अपाङ्गता भएका शिक्षक र महिला शिक्षकको हकमा परीक्षणकाल आधा हुनेछ। | |
| ५१ | नियम ५७ उपनियम (१०) | उपनियम (७) बमोजिम...अपाङ्गता भएका शिक्षक र महिलालाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ। | उपनियम (६) बमोजिम...अपाङ्गता भएका शिक्षक र महिलालाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ। | |
| ५२ | नियम ५८ | अन्तर स्थानीय तह शिक्षक सरुवा सहमति सम्बन्धी | अन्तर स्थानीय तह शिक्षक सरुवासम्बन्धी | |
| ५३ | नियम ५८ उपनियम (२) | यस नियमको प्रयोजनका लागि शिक्षा शाखाले प्रत्येक महिना रिक्त रहेका शिक्षकहरुको पदसङ्ख्या यकिन गरी प्रदेश मन्त्रालयमा पठाउन पर्नेछ। | उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय शिक्षा अधिकारीले दरबन्दी रिक्त भएको यकिन गरी विषय मिल्ने भएमा मात्र सरुवा गर्नुपर्नेछ। | |
| ५४ | नियम ५८ उपनियम (३) | उपनियम (१) बमोजिम अन्तर स्थानीय तह सरुवाको लागि निवेदन दिने शिक्षकलाई सरुवा भई जान चाहेको विद्यालय र सोसँग सम्बन्धित शिक्षा शाखा तथा आफू सेवारत विद्यालय र शिक्षा शाखाको सरुवा सहमतिको सिफारिस आवश्यक पर्नेछ। तर यस नियमावलीमा सरुवा गर्ने मापदण्ड विपरीत हुने गरी सरुवा सहमति दिइनेछैन। | उपनियम (१) बमोजिम अन्तर स्थानीय तह सरुवाको लागि निवेदन दिने शिक्षकलाई सरुवा भई जान चाहेको विद्यालय, आफू सेवारत विद्यालय र सेवारत विद्यालयसँग सम्बन्धित शिक्षा शाखाको सरुवा सहमति आवश्यक पर्नेछ। तर यस नियमावलीको सरुवा गर्ने मापदण्ड विपरीत हुने गरी सरुवा गरिनेछैन। | |
| ५५ | नियम ५९ को उपनियम (१) | संस्थागत विद्यालयले देहायबमोजिमका विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन पर्नेछ। यसरी सिफारिस गर्दा कम्तीमा ५ प्रतिशत बालिका अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ। | संस्थागत विद्यालयले देहायबमोजिमका विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन पर्नेछ। यसरी विद्यार्थी छनौट गर्दा कम्तीमा पचास प्रतिशत बालिका अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ। | |

| क्र सं | संसोधन गर्नुपर्ने नियम | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| | नियम ५९ को उपनियम (१) देहाय (ख) | भूमिसम्बन्धी ऐन २०२१ बमोजिम जग्गावालाको...भन्दा कम खेती योग्य जग्गा रहेको | नेपाल सरकारले उपलब्ध गराएको गरिब परिवारको परिचयपत्र प्राप्त परिवारको सदस्य वा वडा कार्यालयबाट विपन्न परिवार भनी सिफारिस भएको | |
| ५६ | नियम ६१ को उपनियम (२) | उपनियम (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाएनपठाएको सम्बन्धमा सम्बन्धित शिक्षा समिति, विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ। | उपनियम (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाएनपठाएको सम्बन्धमा शिक्षा समिति, शिक्षा अधिकृत, स्रोतशिक्षक तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ। | |
| ५७ | नियम ६२ को उपनियम (३) देहाय (ख) | विद्यालय निरीक्षक- सदस्य | शिक्षा अधिकृत वा स्थानीय शिक्षा अधिकारीले तोकेको अधिकृत वा स्रोत-शिक्षक - सदस्य | |
| ५८ | नियम ६२ को उपनियम (५) | उपनियम (२) बमोजिम निवेदन परेमा नियम (३) बमोजिमको समितिले सो विद्यालयको स्थलगत निरीक्षण गर्नेछ र निरीक्षण गर्दा त्यस्तो विद्यालयलाई माथिल्लो श्रेणीको विद्यालयमा कायम गर्न मनासिब देखिएकमा मागबमोजिम माथिल्लो श्रेणीको विद्यालयमा समावेश गर्नेछ। | उपनियम (२) बमोजिम निवेदन परेमा उपनियम (३) बमोजिमको समितिले सो विद्यालयको स्थलगत निरीक्षण गर्नेछ र निरीक्षण गर्दा त्यस्तो विद्यालयलाई माथिल्लो श्रेणीको विद्यालयमा कायम गर्न मनासिब देखिएमा मागबमोजिम माथिल्लो श्रेणीमा वर्गीकरण गर्न सिफारिस गर्नेछ। | |
| ५९ | नियम ६३ को उपनियम (१) देहाय (ख) को (३) र (४) | (३) निजी तथा आवासीय विद्यालय सङ्गठनको प्रतिनिधि एक जना- सदस्य<br>(४) राष्ट्रिय निजी तथा आवासीय विद्यालय सङ्गठनको प्रतिनिधि एक जना- सदस्य | संस्थागत विद्यालय सञ्चालकहरुको प्रतिनिधिबाट एक महिलासहित नगर शिक्षा समितिबाट मनोनित दुई जना- सदस्य | |
| ६० | नियम ६६ को उपनियम (१) देहाय (घ) | प्रसूति विदा प्रसूतिको अघिपछि गरी साठी दिन | प्रसूति विदा प्रसूतिको अघिपछि गरी अन्ठानब्बे दिन | |

| क्र सं | संसोधन गर्नुपर्ने नियम | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| ६१ | नियम ६६ को उपनियम (१०) | स्थायी सेवा अवधि पाँच वर्ष पुगेको शिक्षकलाई निजले अध्यापन गर्ने विषयमा एक तहमाथिको उच्च अध्ययनका लागि तलबसहितको अध्ययन विदा दिन सकिनेछ। | स्थायी सेवा अवधि पाँच वर्ष पुगेको शिक्षकलाई निजले स्थायी नियुक्ति पाएको तहका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भन्दा एक तहमाथिको अध्ययनका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगरकार्यपालिकाले अध्ययन विदा दिन सक्नेछ। तर विद्यालयले त्यसरी अध्ययन विदाका लागि शिक्षकको नाम सिफारिस गर्दा निजले अध्यापन गर्ने विषय अध्यापनको व्यवस्था विद्यालय स्वयंले मिलाउन पर्नेछ। | |
| ६२ | नियम ६६ को उपनियम (११) | उच्च अध्ययनका लागि विदा स्वीकृत गर्दा प्रत्येक शिक्षा समितिले एक आर्थिक वर्षमा आधारभूत तहको पहिलो र दोस्रो तहका लागि एक एक जना र माध्यमिक तहका लागि एक जनाको अध्ययन विदा स्वीकृत गर्न सक्नेछ। | उपदफा (१०) बमोजिम अध्ययन विदा स्वीकृत गर्नुपूर्व नगरकार्यपालिकाले विद्यालयबाट पेस भएको सिफारिस मनासिब देखिएमा एक आर्थिक वर्षमा आधारभूत तहबाट एक जना र माध्यमिक तहबाट एक जना सम्मको मात्र अध्ययन विदा स्वीकृत गर्न सक्नेछ। तर त्यसरी विदा दिंदा विद्यालयको आवश्यकता र औचित्यका आधारमा त्यस्तो विषयमा जनशक्ति अभाव भएको पुष्टिसहित निजले स्थायी नियुक्ति लिएको विषयमा मात्र अध्ययन विदा दिने गरी निर्णय गर्नुपर्नेछ। | |
| ६३ | नियम ६६ को उपनियम (१२) देहाय (घ) | अन्तिम नाम छनोटमा परेका शिक्षकलाई कबुलियत गराई अध्ययनको अवधिका लागि अध्ययन विदा स्वीकृत गरिनेछ। यसरी अध्ययन विदा स्वीकृत भएका शिक्षकले प्रत्येक सेमेस्टर वा वार्षिक परीक्षाको नतिजासहितको प्रतिवेदन शिक्षा शाखामा पेस गर्नपर्नेछ। | अन्तिम नाम छनोटमा परेका शिक्षकलाई अध्ययन पूरा गरी फर्केपछि अनिवार्य रुपमा पदाधिकार रेहेको विद्यालयमा कम्तिमा तीन वर्ष सेवा गर्ने कबुलियत गराई सम्बन्धित शिक्षण संस्थाले निर्धारण गरेको न्यूनतम अवधि बराबरको अध्ययन विदा स्वीकृत गरिनेछ। यसरी अध्ययन विदा स्वीकृत भएका शिक्षकले प्रत्येक सेमेस्टर वा वार्षिक परीक्षाको नतिजासहितको प्रतिवेदन शिक्षा शाखामा पेस गर्नपर्नेछ। | |
| ६४ | नियम ६६ को उपनियम (१३) | बेतलबी विदा देहायका अवस्थामा दिइनेछः | बेतलबी र असाधारण विदा देहायका अवस्थामा दिइनेछः | |
| ६५ | नियम ६६ को उपनियम (१३) देहाय (ख) | कुनै शिक्षक मुटु, मृगौला, क्यान्सर जस्ता कडा रोगका कारण लामो उपचारमा बस्न पर्ने भए वा मुलुकभित्र वा बाहिर गई उपचार गराउन पर्ने भनी मेडिकल बोर्डबाट सिफारिस भएमा कार्यपालिकाले एकपटकमा एक वर्ष र नोकरी अवधिभरमा बढीमा तीन वर्षसम्म दिन सक्नेछ। | कुनै शिक्षक मुटु, मृगौला, क्यान्सर जस्ता कडा रोगका कारण लामो उपचारमा बस्न पर्ने भए वा मुलुकभित्र वा बाहिर गई उपचार गराउन पर्ने भनी मान्यता प्राप्त विशेषज्ञ चिकित्सकबाट सिफारिस भएमा एकपटकमा एक वर्षमा नबढ्ने गरी नोकरी अवधिभरमा बढीमा तीन वर्षसम्म असाधारण विदा स्वीकृत गर्न नसकिने | |

| क्र सं | संसोधन गर्नुपर्ने नियम | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| ६६ | नियम ६७ को उपनियम (१) | प्रधानाध्यपकको बिदा....स्वीकृत गर्नेछ।<br>तर एकपटकमा तीन दिनमा नबढाई पर्व र भैपरी आउने बिदा प्रधानाध्यापक आफैंले लिन सक्नेछ। सोभन्दा बढी पर्व वा भैपरी बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी दिन दिनु पर्नेछ। | प्रधानाध्यपकको बिदा....स्वीकृत गर्नेछ।<br>तर एकपटकमा तीन दिनमा नबढाई पर्व र भैपरी आउने बिदा प्रधानाध्यापक आफैंले लिन सक्नेछ। सोभन्दा बढी पर्व वा भैपरी बिदा र बिरामी बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी दिन दिनु पर्नेछ। | |
| ६७ | नियम ६७ को उपनियम (२) | उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शिक्षक वा कर्मचारीको असाधारण विदा, बेतलबी विदा र अध्ययन बिदा व्यवस्थापन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ। | उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रधानाध्यापक, शिक्षक वा कर्मचारीको बेतलबी विदा र असाधारण विदा व्यवस्थापन समितिको सिफारिसमा स्थानीय शिक्षा अधिकारीले स्वीकृत गर्नेछ। | |
| ६८ | नियम ७१ | काज तथा दैनिक भ्रमण भत्ता | तलब भत्ता तथा अन्य सुविधा | |
| ६९ | नियम ७१ को उपनियम (४) थप | थप | सामुदायिक विद्यालयको स्वीकृत दरबन्दी, शिक्षक अनुदान कोटा, विद्यालय कर्मचारी र प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले नेपाल सरकार र प्रदेश सरकारले तोकेबमोजिम तलब, भत्ता, तलब वृद्धि, चाडबाड खर्च तथा अन्य सेवा सुविधा प्राप्त गर्नेछन्। नेपाल सरकार र प्रदेश सरकारले उपलब्ध गराउने सेवा सुविधका अतिरिक्त नगरपालिकाले थप सुविधा उपलब्ध गराउन सक्नेछ। | |
| ७० | नियम ९२ को उपनियम (१) | व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष नगरकार्यपालिकाबाट नियुक्त दर्तावाल लेखापरीक्षकबाट ले खापरीक्षण गराउन पर्नेछ। | व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष नगरकार्यपालिकाको कार्यालयबाट नियुक्त दर्तावाल लेखापरीक्षकबाट विद्यालयको आयव्ययको लेखापरीक्षण गराउन पर्नेछ। नगरकार्यपालिकाको कार्यालयले लेखापरीक्षक नियुक्ति गर्दा उपलब्ध भएसम्म आधारभूत विद्यालयमा 'घ' श्रेणीका र माध्यमिक विद्यालयमा 'ग' श्रेणीका लेखापरीक्षकलाई प्राथमिकता दिई नियुक्ति गर्नुपर्नेछ। | |
| ७१ | नियम ९४ मा उपनियम (२) थप | उपनियम (२) थप | सामुदायिक विद्यालयको कामकारबाही नेपाल सरकार, प्रदेश सरकार र यस नगरपालिकाको शिक्षा ऐन तथा नियमावलीबमोजिम भएनभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न देहायबमोजिमको एक सामाजिक परीक्षण समिति रहनेछः<br>(क) शिक्षक-अभिभावक संघको अध्यक्ष- संयोजक | |

खैरहनी नगरपालिकाको राजपत्र

| क्र सं | संसोधन गर्नुपर्ने नियम | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | (ख) विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकहरुमध्येबाट एक जना महिला पर्ने गरी शिक्षक-अभिभावक संघले तोकेको दुई जना- सदस्य<br>(ग) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासदस्य एक जना- सदस्य<br>(घ) शिक्षक-अभिभावक संघले तोकेको बुद्धिजीवि एक जना- सदस्य<br>(ङ) विद्यालयको उच्चतम् कक्षामा अध्ययनरत प्रथम छात्रा वा छात्र एक जना - सदस्य<br>(च) प्रधानाध्यापकले तोकेको विद्यालयको शिक्षक- सदस्यसचिव | |
| ७२ | नियम १०८ को उपनियम (१) देहाय (ख) | धर्म, सम्प्रदाय, जनजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा सम्प्रदायका आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै क्रियाकलापमा भाग लिन बन्देज नरहने, | धर्म, जातजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा सम्प्रदायका आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै क्रियाकलापमा भाग लिन नहुने, | |
| ७३ | नियम १११ को उपनियम (१) | हाल कार्यरत दुवै तहका प्रधानाध्यापकहरुले...ढाँचामा प्रमुख प्रशासकीय अधिकृतसँग कार्यसम्पादन करार सम्झौता गरिसक्नु पर्नेछ। | सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुले प्रत्येक शैक्षिकसत्रको तीन महिनाभित्र विद्यालय व्यवस्थापन सुधार तथा शिक्षाको गुणस्तर सुधारको मार्गचित्रसहित तोकिएको ढाँचामा स्थानीय शिक्षा अधिकारीसँग कार्यसम्पादन करार सम्झौता गर्नु पर्नेछ। | |
| ७४ | नियम १११ को उपनियम (२) | प्रधानाध्यापकले आफूले प्रमुख प्रशासकीय अधिकृतसँग कार्यसम्पादन करार सम्झौता...सुरक्षित राख्नु पर्नेछ। | प्रधानाध्यापकले आफूले स्थानीय शिक्षा अधिकारीसँग कार्यसम्पादन करार सम्झौता गरिसकेपछि सोही आधार र मापदण्डबमोजिम दुई महिनाभित्र आफूमाहतका शिक्षकसँग कार्यसम्पादन करार सम्झौता गरी...सुरक्षित राख्नु पर्नेछ। | |

यस नियमावलीमा भएका “निरीक्षक" शब्दलाई “शिक्षा अधिकृत" बनाउने।

यस नियमावलीमा भएका “स्रोतव्यक्ति" शब्दलाई “स्रोत शिक्षक " बनाउने।

**नियमावलीमा उल्लिखित संशोधन अनुसार अनुसूचीहरुमा पनि आवश्यक संशोधन गर्ने।**

## खैरहनी नगरपालिका शिक्षा नियमावली, २०७५ मा अनुसूचीमा संशोधनका लागि प्रस्ताव

| क्र. सं | संसोधन गर्नुपर्ने नियम/उपनियम/अनुसूची | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | अनुसूची १ नियम ३ संग सम्बन्धित | श्री शिक्षा अधिकृतज्यू | श्री स्थानीय शिक्षा अधिकारी | |
| २ | अनुसूची २ नियम ४ संग सम्बन्धित क्रम संख्या ठ | सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया देहाय बमोजिम... | सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया कम्तिमा बाईस जना र संस्थागत विद्यालयमा प्रति कक्षा कम्तीमा बाईस जनादेखि बढीमा ४४ जनासम्म र औसतमा तेत्तीस जना विद्यार्थी हुनुपर्नेछ। | |
| ३ | अनुसूची ३ | आधारभूत/माध्यमिक तहको... कक्षासम्मको विद्यालय सञ्चालन गर्न यो अनुमति दिइएको छ। | आधारभूत/माध्यमिक तहको... कक्षा......... सञ्चालन गर्न अनुमति दिइएको छ। | |
| ४ | अनुसूची ४ | स्थानीय शिक्षा समितिको मिति.............को निर्णयानुसार | नगर शिक्षा समितिको मिति.............को निर्णयानुसार | |
| ५ | अनुसूची ८ | कम्पनी अन्तर्गत विद्यालयलाई सञ्चालित शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न दिइने स्वीकृति, | कम्पनी अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न दिइने अनुमति<br>यस अनुसूचीमा रहेका “स्वीकृति" शब्दलाई “अनुमति" बनाउने | |
| ६ | अनुसूची ९, शीर्षक | प्रारम्भिक बालशिक्षा वा नर्सरी केन्द्र | प्रारम्भिक बालविकास केन्द्र | |
| ७ | अनुसूची ९, विषय | प्रारम्भिक बालशिक्षा केन्द्र | प्रारम्भिक बलविकास केन्द्र | |
| ८ | अनुसूची ९<br>क | प्रारम्भिक बाल शिक्षा केन्द्र | प्रारम्भिक बालविकास केन्द्र | |
| ९ | अनुसूची १० | प्रारम्भिक बाल शिक्षा केन्द्र | प्रारम्भिक बालविकस केन्द्र | |
| १० | अनुसूची १० | नगर कार्यपालिकाको कार्यालयमा | नगर कार्यपालिकाको...... वडा कार्यालयमा | |
| | अनुसूची १२ ख | आधारभूत तहको विद्यालयमाः<br>प्राम्भिक बाल शिक्षा वा नर्सरीदेखि आठ कक्षा सञ्चालन भएको विद्यालयमा देहायबमोजिमका कम्तीमा नौ जना शिक्षक | आधारभूत तहको विद्यालयमाः<br>प्राम्भिक बाल शिक्षा वा नर्सरीदेखि आठ कक्षा सञ्चालन भएको विद्यालयमा देहायबमोजिमका कम्तीमा सात जना शिक्षक | |
| ११ | अनुसूची १२<br>ख देहाय १ देखि ४ | (१) (२) (३) (४) .............मूल विषय लिई स्नातक तह वा सो सरह उतीर्ण गरेको | (१) अंग्रेजी मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको एक जना<br>(२) विज्ञान वा गणित मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको एक जना<br>(३) नेपाली वा संस्कृत मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको एक जना | |

| क्र. सं | संसोधन गर्नुपर्ने नियम/उपनियम/अनुसूची | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | (४) सामाजिक विषय अध्यापन गर्नका लागि प्रवीणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको एक जना<br>(५) एस. एल. सी. वा सोसरह उत्तीर्ण गरेका तीन जना | |
| १२ | अनुसूची १२<br>ग१ देहाय १ देखि ४ | ...............मूल विषय लिई स्नातकोत्तर वा सोसरह उत्तीर्ण | ...............मूल विषय लिई स्नातक वा सोसरह उत्तीर्ण | |
| १३ | अनुसूची १२<br>ग२ | नौ कक्षादेखि बाह्र कक्षासम्म सञ्चालन भएको विद्यालयमा देहायबमोजिमका कम्तीमा नौ जना शिक्षकः | नौ कक्षादेखि बाह्र कक्षासम्म सञ्चालन भएको विद्यालयमा संघीय र प्रदेश शिक्षा ऐन तथा नियमावलीमा तोकिएबमोजिमको सङ्ख्या, विषय र शैक्षिक योग्यताअनुसारका दरबन्दी रहनेछन्। | |
| १४ | अनुसूची १२<br>ग२ देहाय १ देखि ७ | हटाउने | | |
| १५ | अनुसूची १२<br>ग४ को द्रष्टव्य ३ | खण्ड (ग) को उपखण्ड २...एउटै विषयमा एकभन्दा बढी शिक्षक नियुक्ति गरिनेछैन। | खण्ड (ग) को उपखण्ड २ बमोजिम शिक्षक नियुक्ति गर्दा एउटा विषयको एकएक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एकभन्दा बढी शिक्षक नियुक्ति गरिनेछैन। | |
| १६ | अनुसूची १२<br>ग४ को द्रष्टव्य ५ | हटाउने | | |
| १७ | अनुसूची १४ मा निवेदनमा सम्बोधन | श्री शिक्षा अधिकृत | श्री स्थानीय शिक्षा अधिकारी | |
| १८ | अनुसूची १४<br>१ को ख | कार्यकारी अधिकृत | स्थानीय शिक्षा अधिकारी | |
| १९ | अनुसूची १४ २ को ख | .... विद्यालयको शिक्षक श्री ...लाई यस नगरपालिकाको ... विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ ।<br>शिक्षा अधिकारी | .... विद्यालयको .. तह ... श्रेणीका.............विषयका शिक्षक श्री ...लाई यस नगरपालिकाको वडा नं. ..को ........... विद्यालयको रिक्त समान पद तथा तहमा सरुवा गरिएको छ।<br>स्थानीय शिक्षा अधिकारी | |